# स्थलगत अनुगमन तथा मूल्याङ्कन किन र कसरी ?

**गण्डकी प्रदेशका योजना, अनुगमन तथा मूल्याङ्कन महाशाखा तथा खाशामा कार्यरत कर्मचारी लाई अनुगमन तथा मूल्याङ्कन सम्बन्धी अभिमुखिकरण कार्यक्रम**


**डा. गिरिधारी शर्मा पौडेल**

**उपाध्यक्ष प्रदेश नीति तथा योजना आयोग**

**गण्डकी प्रदेश, पोखरा**


१४ फागुन २०७९


ईमेल : giridharisp@gmail.com
फोन: ९८५११६०२३७


# यस प्रस्तुतिकरणमा समाबेस गरिएका बिषयहरु

- स्थालगत अनुगमन किन?
- स्थलगत अनुगमनको तयारी
- स्थलगत अनुगमनका बिधि र प्रक्रिया
- स्थलगत अनुगमनमा हेर्नुपर्ने बिषयहरु
- सूचना संकलन, बिश्लेषण, त्रिभूजिकरण
- अनुगमन गर्दा सूचकहरुको निर्माण र प्रयोग
- स्थलगत अनुगमनको प्रतिबेदन लेखन

# स्थलगत निरीक्षण तथा अनुगमन किन ?

- कार्यान्वयनको वास्तविक प्रगति अबलोकन गर्न,
- आयोजनाको प्रगति प्रतिवेदनको वैधता एकिन गर्न र व्यवस्थापनलाई जिम्मेवार गराउन
- कार्यान्वयन क्रममा आइपरेका समस्याहरु बारे जानकारी लिन
- समस्या समाधानमा सहयोग गर्नका लागि
  - स्थलगत रुपमा नै निर्देशन दिन,
  - समस्या समाधानका लागि व्यवस्थापनले गरेका प्रयासबारे जानकारी लिन
  - समस्या समाधानका विभिन्न विकल्पहरु पहिचान गर्न,
  - समस्या र समाधानका विकल्पका वारेमा निर्णयकर्तालाई जानकारी गराउन,
- आयोजना सम्बन्धमा लाभग्राही वर्ग लगायत अन्य पक्षको धारणा बारे जानकारी लिन,
- आयोजना र अन्य पक्षवीच कुनै विवाद परेमा समाधानका लागि सहयोग गर्न ।

# अनुगमन चक्र



१. अनुगमन तथा सूचनाको आवश्यकता पहिचान
२. अनुगमन योजना तयारी
३. सूचना संकलन
४. सूचनाको प्रशोधन
५. सूचना विश्लेषण
६. नीतिगत सुधार र निर्णय प्रक्रियामा सूचनाको प्रयोग

# स्थलगत अनुगमनका चरणहरु

- पूर्व तयारी तथा दस्तावेजहरुको अध्ययन
- स्थलगत निरीक्षण तथा सूचना संकलन
- प्रतिवेदन लेखन तथा सूचनाको त्रिभूजीकरण

# पूर्व तयारी चरण: दस्तावेजहरुको अध्ययन

- आयोजना दस्तावेज
- सोच तालिका
- बार्षिक विकास कार्यक्रम
- आयोजनाको कार्यान्वयन योजना वा ग्रान्ट चार्ट आदि
- प्रगति प्रतिवेदनहरु
- निरीक्षण तथा अनुगमन प्रतिवेदनहरु
- पहिलेका मूल्यांकन प्रतिवेदन

# स्थलगत अबलोकन चरण

## तथ्यांक संकलन तथा समस्याको पहिचान

- आयोजनाको प्रगति विवरण, व्रिफिंग नोट
- प्रत्यक्ष अवलोकन (फोटो, नक्शा)
- समूह केन्द्रित छलफल
- जानिफकारसँगको अन्तर्वार्ता
- उपभोक्ता समितिसँगको छलफल
- लाभग्राहीसँगको छलफल

# तथ्यांङ्क संकलन, विश्लेषण र त्रिभूजीकरण

- एकभन्दा बढी पद्धति, समय तथा तरिकाको प्रयोग र एकभन्दा बढी ब्यक्ति वा संस्थाबाट तथ्यांक संकलन वा सूचना लिने पद्धति
- परिमाणात्मक र गुणात्मक दुबै किसिमका तथ्यांक संकलन र विश्लेषण
- समानान्तर वा अघि पछि गरी तथ्यांङ्क संकलन र विश्लेषण गर्न सकिने
- सवै तरिका वा पद्धतिबाट संकलित तथ्यांङ्कको बिश्लेषण
- संकलित सूचनाको त्रिभूजिकरण
- निष्कर्ष

# समूह केन्द्रित छलफल

- आयोजना सम्बन्धमा जानिफकार **५-७ जना**लाई समूह छलफलमा संलग्न गराई तथ्यांङ्क सिर्जना गरिने ।
- **मिश्रित वा खास समूह**, लिंङ्ग, वर्गका आधारमा पृथक समूह बनाउन सकिने
- **लाभान्वित र लाभ नपाउने** ब्यक्तिलाई समेत छलफलमा संलग्न गराउने
- आंफ्नो परिचय र छलफलको उद्देश्यबारे जानकारी दिने
- एकजनाले सहजीकरण गर्ने र सबैको आवाज सुन्ने वातावरण सिर्जना गर्ने
- **टेप रेकर्ड गर्ने, फोटो खिच्ने र छलफलको नोट** विस्तृत रुपमा टिप्ने
- गुणात्मक सूचनालाई परिमाणात्मक तथ्यांकसँग भिडाई विश्लेषण गर्ने ।

# जानिफकार व्यक्तिसँगको अन्तर्वार्ता

- अन्तर्वार्ताका लागि **उपयुक्त व्यक्तिको छनौट**
- लाभान्वित र लाभ नपाउने ब्यक्तिसँग समेत अन्तर्वार्ता लिने
- प्रश्न राख्दा जातीय, धार्मिक, सांस्कृतिक, लैगिंक, क्षेत्रीय, भाषिक आदि **संवेदनशीलतालाई ध्यान** दिने
- टेप रेकर्ड गर्ने, फोटो खिच्ने, छलफलको नोट विस्तृत रुपमा टिप्ने
- के विषयमा कसरी यो अन्तर्वार्ताबाट सूचना प्रयोग गर्ने हो पहिले नै प्रष्ट हुनुपर्ने ।

# अनुगमन चेकलिष्ट बनाउँदा ध्यान दिनुपर्ने विषयहरु

- स्थलगत भ्रमण प्रारम्भ गर्नुभन्दा अघि संकलन गर्नुपर्ने विवरणको सूचि तयार गर्ने

- प्राप्त विवरण लेखाजोखा गरी के विषयमा अवलोकन गर्न थलोमा जानुपर्ने हो प्रष्ट हुने

- **थलोमा के सोध्ने, कसलाई सोध्ने र कसरी सोध्ने** भन्ने प्रारम्भिक विषय तयार गर्ने ।

- प्राप्त सूचना तथा तथ्यांङ्क कसरी विश्लेषण गर्ने हो प्रष्ट गर्ने

- अन्य विषयहरु......

# तथ्यांङ्क तथा सूचनाको विश्लेषणका आधारहरु

- **ठेक्का लगाइ सकिएको संख्या/रकम र ठेक्का लगाउनुपर्ने कुल संख्या/रकमको तुलना (प्रतिशतमा)**
- विभिन्न अबधिको पूँजीगत तथा चालूखर्च र विनियोजित वजेटको तुलना
- आयोजनाको वितेको समयसँग भौतिक तथा वित्तीय प्रगतिको तुलना
- **ठेक्का सम्झौता अनुरुप कार्य सम्पन्न गर्नुपर्ने समय र सोको प्रगति**
- **अपेक्षित अनुमान तथा जोखिम र वर्तमान स्थिति**को समीक्षा
- लक्ष्य र प्रगतिको तुलना गरी अन्तरको विश्लेषण
- विभिन्न स्रोतबाट संकलित तथ्यांङ्क वा सूचनाको त्रिभूजीकरण ।
- अनुगमन तथा मूल्याङ्कनको प्रतिबेदन तयारी र संप्रेषण ।

# लक्ष्य र प्रगतिको अन्तर विश्लेषण तालिका

| सूचक | लक्ष्य | प्रगति | लक्ष्य र प्रगतिको अन्तर | कारण | समाधानका उपायहरु |
|---|---|---|---|---|---|
| **सडक कालोपत्रे** (कि. मि) | २५ | १३ | १२ | बार्षिक लक्ष्य पुरा भएको | |
| **स्कुल भवन निर्माण** (संख्या) | ५ | ३ | २ | बार्षिक लक्ष्य पुरा भएको | |
| **दलित छात्रबृत्ति वितरण** ( विद्यार्थी संख्या) | २३० | १८५ | ४५ | वजेट रकम अभाव भएको | शिक्षा विभागमा थप वजेट माग गरिएको । |
| **खानेपानीको सुविधा उपलब्ध** (थप परिवार संख्या) | ३५० | ३५० | ० | लक्ष्य पुरा भएको | |

# अनुगमनको समय र हेर्नुपर्ने विषयहरु

| चौमासिक | अनुगमनको समय र हेर्नुपर्ने विषयहरु |
|---|---|
| प्रथम | गत बर्षको बार्षिक प्रगति, चालू बर्षको बार्षिक कार्यक्रम र अख्तियारी प्राप्त भए नभएको, मुआब्जा वितरण भए नभएको, **ठेक्का पट्टा सम्झौता भए नभएको**, कार्यान्वयनको प्रगति र समस्याको पहिचान र समाधानका उपायहरु |
| दोस्रो | ठेक्कापट्टा **सम्झौता वमोजिम कार्य प्रगति भए, नभएको**, खर्च रकमको सोधभर्ना माग भए नभएको, कार्यान्वयनको प्रगति र समस्याको पहिचान र समाधानका उपायहरु |
| तेस्रो | खर्च रकमको सोधभर्ना माग भए नभएको, **विनियोजित वजेट खर्च हुनसक्ने स्थिति रहे नरहेको,** काम भैसकेको रकम भुक्तानी भए नभएको, कार्यान्वयनको प्रगति र समस्याको पहिचान र समाधानका उपायहरु |

# अनुगमन तथा मूल्याङ्कनमा सूचकहरुको प्रयोग

## सूचक के हो?

- जे को मापन गरिन्छ त्यसको ठोस र बिशिष्ट बर्णन सूचक हो ।
- सूचक एक मापन हो जस्ले संख्या, दर, प्रतिसत, बिचार, धारणा आदिको अवस्थामा समयान्तरमा भएको परिवर्तनलाई मापन गर्न सहयोग गर्दछ ।
- कुनै पनि अवस्थालाई संख्यात्मक तथा ब्याख्यात्मक रुपमा सरल तरिकावट मापन गर्ने आधार सूचक हो ।

# सूचक कति तहका हुन्छन ?

कुनैपनि नीति, योजना, कार्य्रक्रम तथा आयोजना जस्ता बिषयगत क्षेत्र अन्तरगत कार्यान्वयन गरिने बिभिन्न कार्यक्रम तथा आयोजनाबाट प्राप्त प्रतिफल र सोको एकमुष्ट असर तथा प्रभाव आंकलन गर्नका लागि सूचक निर्धारण गरिएको हुन्छ । त्यस्ता सूचकहरुलाई अन्तिम तह र अन्तरिम तह गरी दुई भागमा बिभाजन गर्न सकिन्छ ।

## (क) अन्तिम तह (असर र प्रभाव)

कार्यान्वयन गरिएका कार्यक्रमहरुबाट हांसिल भएका प्रतिफलहरुले लक्षित बर्ग वा समुदायको जीबनयापनमा पारेको प्रभाव र त्यस उपर लाभग्राही बर्गको सन्तुष्टि सम्बन्धी जानाकारी दिने सूचकहरु अन्तिम (असर र प्रभाव) तहका सुचक हुन ।

## (ख) अन्तरिम तह (लगानी , प्रकिया र प्रतिफल)

- कार्यान्वयन गरिएका कार्यक्रमहरुबाट उत्पादन हुने बस्तु तथा सेवाको मापन गर्न प्रतिफल सुचकहरु निर्धारण गरिन्छ ।
- आयोजनाहरुमा गरिएको लगानी र भएका कृयाकलापलाई मापन गर्न निश्चीत लगानी तथा प्रकृया सम्बन्धी सूचकहरु बनाईन्छ ।

# सूचकका तह कुन हो?

**प्रभाव (Impact)**

कार्यक्रम–आयोजनाको परिणामबाट पूर्ण रुपमा वा आंशिक रुपमा भए पनि लक्षित उपभोक्ता वर्ग (लाभान्वित हुने वर्ग) को जीवनस्तरमा आएको परिवर्तनलाई प्रभाव भनिन्छ ।

**असर (Effect)**

आयोजनाबाट प्राप्त भएको प्रतिफलको प्रयोग वा उपयोगको परिणामबाट देखिने परिवर्तनलाई असर भनिन्छ ।

**प्रतिफल (Outputs)**

कार्यक्रम/आयोजनाको उद्देश्य प्राप्तिको निम्ति गरिएको लगानीबाट उत्पादन गर्ने लक्ष्य राखिएको खास उत्पादन वा सेवालाई प्रतिफल भनिन्छ ।

**क्रियाकलाप (Activities)**

प्रतिफल प्राप्त गर्न गरिने कुनै पनि कामलाई क्रियाकलाप भनिन्छ ।

**लगानि (Inputs)**

कुनै पनि काम सम्पन्न गर्न गरिने आर्थिक, बस्तुगत, र सिप सम्बन्धी लगानीलाई लगानीलाई भनिन्छ ।

# परिवार नियोजन कार्यक्रमका नमुना अनुगमन तथा मूल्याङ्कन सूचकहरु

| कार्यक्रम | | | सूचक | | |
|---|---|---|---|---|---|
| तह | बिभिन्न तहबिच सम्बन्ध | सम्बन्ध | तह | सूचक | सम्बन्ध |
| **लक्ष्य** | परिवार नियोजन सेवालाई गण्डकी प्रदेशमा सर्बब्यापि वनाउने । | | प्रभाब सूचक | १. जनसंख्या बृद्दि दरमा परिवर्तन<br>२. प्रति महिला प्रजनन दरमा परिवर्तन | |
| **उधेस्य** | १.जनताका चाहना अनुसार परिवार नियोजनका आधुनिक साधन उपलब्ध गराउने ।<br>२. परिवार नियोजन साधनको प्रयोग दर बढाउने। | ↑ | असर सूचक | १.परिवार नियोजनाका आधुनिक साधनको मागमा परिवर्नन ।<br>२.परिवार नियोजनाका साधन प्रयोग दरमा परिवर्तन । | ↑ |
| **क्रिया कलाप** | १. प्रजनन उमेरका सबै जोडिमा परिवार नियोजनका साधन उपलब्ध गराउने ।<br>२. परिवार नियोजनका अपरिपुर्त माग पुरा गर्ने। | ↑ | प्रतिफल सूचक | १. परिवार नियोजन सम्बन्धी तालिम प्राप्त स्वास्थ कार्यकर्ताको संख्या ।<br>२. वितरण गरिएका परिवार नियोजनका साधनको किसिम र संख्या। | ↑ |
| **लगानी** | १. परिवार नियोजनका साधन जस्तै ५० लाख वटा ढाल, १० लाख साईकल पिल्स, ३० हजार सेट नरप्लान्ट र १० हजार सेट आयुसिडि वितरण ।<br>२. ५०० स्वास्थ कार्यकर्त्तालाई तालिम।<br>३. १० करोड रुपमा बजेट खर्च । | ↑ | लगानी सूचक | १. ५० लाख वटा ढाल, १० लाख साईकल पिल्स,३० हजार सेट नरप्लान्ट र १० हजार सेट आयुसिडि वितरण<br>२. रु १० करोड रुपमा बजेट खर्च । | ↑ |

# सुरक्षीत मातृत्व कार्यक्रमका नमुना सूचकहरु

| बिषयगत क्षेत्र | क्रियाकलाब/ लगानि/प्रकिया सुचक | प्रतिफल सुचक | असर सुचक | प्रभाब सुचक |
|---|---|---|---|---|
| सुरक्षित मातृत्व | •सुरक्षित मातृत्व सेवा प्रदान गर्ने स्वास्थ संस्था र सेवाप्रदायको संख्या<br>•सेवा प्रदान गर्ने समय | •गर्भवति भएको बेला स्वास्थ संस्थामा गई जांच गराउने महिलाको संख्या | •स्वास्थ संस्थामा सुत्केरि हुने दर<br>•तालिम प्राप्त स्वास्थकर्मिबाट सुत्केरि हुने बेला प्रदान गरिएको सहयोग दर | •मातृ मृत्यु दरमा परिबर्तन |

# उन्नत बिउ बिजन र पशू नश्ल शुधार कार्यक्रम नमुना सूचकहरु

| बिषयगत क्षेत्र | क्रियाकलाब/ लगानि/प्रकिया सुचक | प्रतिफल सुचक | असर सुचक | प्रभाव सुचक |
|---|---|---|---|---|
| उन्नत बिउ बिजन बितरण | • बितरण भएको उन्नत बिउ बिजनको (तौल) | • लाभान्वित कृषक संख्या/प्रतिसत<br>• उन्नत बिउले ढाकेको कृषि क्षेत्र (प्रतिसत) | • उत्पादकत्वमा बृद्दि (प्रति हेक्टर मेट्रिक टनमा)<br>• प्रतिब्क्ति खाद्यान्न उपलब्धता | • किसानको आयमा बृद्दि (दर)<br>• प्रतिब्यक्ति क्यालोरी खपतमा बृद्धि |
| पशू नश्ल शुधार कार्यक्रम | नश्ल शुधार भएका पशु संख्या | • लाभान्वित कृषक संख्या/प्रतिशत<br>• नश्ल सुधार भएका पशु संख्या (प्रतिशत) | • पशु उत्पादकत्वमा बृद्दि<br>• प्रतिब्क्ती पशुजन्य पदार्थको उपलब्धतामा बृद्धि | • किसानको आयमा बृद्दि (दर)<br>• प्रतिब्यक्ति क्यालोरी खपतमा बृद्धि<br>• बिरामी हुने दरमा कमि |

# सडकका नमुना सूचकहरु

| बिषयगत क्षेत्र | क्रियाकलाब/ लगानि/प्रकिया सुचक | प्रतिफल सुचक | असर सुचक | प्रभाव सुचक |
|---|---|---|---|---|
| सडक निर्माण | •निमार्ण लागत<br>• उपभोक्ता समितिको गठन<br>• समितिमा समाबेसिता<br>•समितिका बैठक<br>•निमार्णको गुणस्तर | • निर्माण सम्पन्न भयको सडकको लम्बाई<br>• सडकको चौडाई<br>• सडकमा चल्ने साधनको किसिम<br>• दैनिक सडकमां गुडने यातायातका साधनको संख्या<br>• सडकबाट लाभान्बित जजसंख्या | • यात्रा गर्ने समयमा आयको कमि<br>• सामान ढुवानिमा लाग्ने भाडा दरमा परिवर्तन<br>• स्वास्थ्य, शिक्षा, बजार आदिमा जनताको पहंचमा बृद्धि | • उत्पादन लागतमां कमि<br>• ब्यावसायिक संस्था तथा ब्यात्तिमा प्रतिसपर्धि क्षमतामा बृद्धि<br>• घरयासि आम्दानिमा बृद्धि |

# शिक्षा तथा सिचाइका नमुना सूचकहरु

| बिषयगत क्षेत्र | क्रियाकलाब/ लगानि/प्रकिया सुचक | प्रतिफल सुचक | असर सुचक | प्रभाव सुचक |
|---|---|---|---|---|
| बिद्यालय भबन निर्माण | •निमार्ण लागत<br>•उपभोक्ता समितिको गठन, समितिमा समाबेसिता<br>•समितिका बैठक<br>•निमार्णको गुणस्तर | • निर्माण सम्पन्न<br>• बिद्यार्थि संख्या<br>• बिद्यार्थिहरुको संरचना<br>• शिक्षक बिद्यार्थि अनुपात | • बिद्यालयको परिधीक्षेत्रमा बिद्यार्थि भर्ना दर | • शाक्षरता दरमा परिबर्तन |
| सिचाई नहर निर्माण | •निमार्ण लागत<br>• उपभोक्ता समितिको गठन<br>• समितिमा समाबेसिता<br>•समितिका बैठक<br>•निमार्णको गुणस्तर | • निर्माण सम्पन्न भएको नहरको लम्बाई<br>• सिचित क्षेत्र<br>• लाभान्बित किसानको प्रतिशत | • कृषि उत्पादकत्वमा बृद्धि (प्रति हे. टनमा)<br>• बालि सघनता | • प्रतिब्क्ति आयमा बृद्धि<br>• पोषण तत्व उपभोगमा बृद्धि<br>• औषत आयुमा बृद्धि |

# अनुगमन प्रतिबेदन तयारी

आयोजनाको निरीक्षण गरेपछि सम्बद्ध पदाधिकारी तथा व्यक्तिहरुले देहायका विषय समावेश गरी प्रतिवेदन तयार गर्नुपर्नेछः

(क) पृष्ठभूमि

(ख) आयोजनाको समग्र चिनारी (अपेक्षित उपलब्धि, स्रोत व्यवस्था समेत)

(ग) गत आ.व.सम्मको प्रगति स्थिति

(घ) चालू आ.व. को अख्तियारी र स्वीकृत कार्यक्रम प्राप्त भए, नभएको

(ङ) वार्षिक लक्ष्यका तुलनामा भौतिक तथा वित्तीय प्रगति स्थिति

(च) जनशक्तिको व्यवस्था र यस सम्बन्धमा देखिएका विषयहरु

(छ) विभिन्न सरोकारवालाहरुको धारणा

(ज) विद्यमान समस्या तथा समाधानका प्रयासहरु

(झ) टोलीबाट समस्या समाधानका लागि गरिएका प्रयासहरु

(ञ) सुझावहरु तथा सोको कार्यान्वयन योजना

(ट) निष्कर्ष ।

कार्यक्रम: उन्नत जातका पशुपालन।

प्रतिफलः उन्नत भैसि तथा गाईपालन।

असर : दुध उत्पादन










प्रभाव

दुध प्रशोधन कारखाना, आम्दानीमा बृद्धि, जिवन स्तरमा सुधार








**कार्यक्रमः** नहर निर्माण **प्रतिफलः** सिचाई नहरको निर्माण सम्पन्न **असरः** भूउपयोगमा परिवर्तन **प्रभावः** उत्पादन बृद्धि र समृद्ध परिवार











कार्यक्रम: बहुउधेस्यिय नदी निन्त्रण, जग्गा उकास, र सिचाई

प्रतिफल: बाध निर्माण, जग्गा उकास, कार्यक्रम

असर: वालि सघनता र सिचाई


प्रभाव: उत्पादकत्वमा बृद्धी पारिवारीक आम्दानीमा बृद्धि



कार्यक्रम: खानेपानी आयोजना प्रतिफल: पानीटंकी निर्माण र घरमा पानीका धारा निर्माण असर: तरकारी बारीमा नगदे वालि
प्रभाब: उत्पादकत्वमा बृद्धी र परिवारको आम्दानीमा बृद्धि ।



कार्यक्रम: जनता आबास प्रतिफल: नया घर निर्माण  असर: गरीब परिवारको सहन सहनमा परिवर्तन प्रभाब: गरीब परिवारको स्वास्थ स्थितिमा परिवर्तन







**कार्यक्रम:** सडक निर्माण **प्रतिफल:** सडक निर्माण सम्पन्न **असर:** सवारी साधनको आवत जोत **प्रभाव:** उत्पादन मुल्यमा कमि आउनु बजार प्रतिसपर्धी हुनु



## प्रतिफल : प्राबिधिक स्कुलको निर्माण।




## असर : प्राबिधिक शिक्षामा बिद्यार्थी भर्नामा बृद्धि



प्रतिफल: बिद्यालय भवन निर्माण    असर: बिद्यार्थी भर्नामा बृद्धि





## Output - Jacketing of bridge pillar

## Outcome- Jacketing in pillar and running car over bridge








**Activity:** Construction of de-sending basin **output** –De-sending basin **Outcome-** de-sending of sand before penstock pipe





**Activity:** Sewage construction **Output-** Sewerage

**Outcome:** Waste follow in sewerage







**Output - Poultry house**

**Outcome-Poultry growing in poultry house**






**Activity: construction of regional hospital** **Output- Hospital building constructed**



